# भाग ३

## नेपाल सरकार

## रक्षा मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर २

### राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८३

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ को दफा २५ मा संशोधन** : राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ को दफा २५ को उपदफा (१) मा रहेका "छ वर्ष" भन्ने शब्दहरूको सट्टा "सात वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

**आज्ञाले,**
**ज्ञानेन्द्र पौडेल**
**नेपाल सरकारको निमित्त सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।